# अपराध पीडित तथा साक्षी सहायता निर्देशिका, २०८३

महान्यायाधिवक्ताको कार्यालय, नेपाल

रामशाहपथ, काठमाडौं

# अपराध पीडित तथा साक्षी सहायता निर्देशिका, २०८३

माननीय महान्यायाधीवक्ताबाट स्वीकृत भएको मिति: २०८३/०६/०८

नेपाल सरकार वादी हुने फौजदारी मुद्दाका अपराध पीडितको न्यायमा पहुँच अभिवृद्धि गर्न तथा अपराध पीडित र साक्षीको सहायताका लागि आवश्यक कार्यविधिगत व्यवस्था गर्न वाञ्छनीय भएकाले सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४२ को उपनियम (१) को अधिकार प्रयोग गरी महान्यायाधिवक्ताबाट यो निर्देशिका जारी गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "अपराध पीडित तथा साक्षी सहायता निर्देशिका, २०८३" रहेको छ।

(२) यो निर्देशिका महान्यायाधिवक्ताबाट स्वीकृत मितिबाट लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः -

(क) **"ऐन"** भन्नाले अपराध पीडित संरक्षण ऐन, २०७५ सम्झनु पर्छ।

(ख) **"कार्यालय"** भन्नाले सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४ को उपनियम (१) बमोजिमको कार्यालयलाई सम्झनु पर्छ।

(ग) **"नियमावली"** भन्नाले अपराध पीडित संरक्षण नियमावली, २०७७ सम्झनु पर्छ।

(घ) **"निर्देशिका"** भन्नाले अपराध पीडित तथा साक्षी सहायता निर्देशिका, २०८३ सम्झनु पर्छ।

(ङ) **"अपराध पीडित"** भन्नाले ऐनको दफा २ को खण्ड (ञ) बमोजिमको अपराध पीडित सम्झनु पर्छ।

(च) **"सम्पर्क व्यक्ति"** भन्नाले अपराध पीडित तथा साक्षी सहायताका लागि दफा ५ बमोजिम तोकिएको व्यक्ति सम्झनु पर्छ ।

(छ) **"सरकार वादी फौजदारी मुद्दा"** भन्नाले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची –१ र २ बमोजिमका मुद्दा सम्झनु पर्छ र सो शब्दले नेपाल सरकार वादी हुने भनी तोकिएको अन्य मुद्दा समेतलाई जनाउँछ।

(ज) **"साक्षी"** भन्नाले सरकार वादी फौजदारी मुद्दामा पेश गरिएको अभियोगपत्रमा साक्षीको रूपमा उल्लेख गरिएको व्यक्ति सम्झनु पर्छ। सो शब्दले अपराध अपराध पीडित, जाहेरवाला तथा विशेषज्ञ समेतलाई जनाउँछ।

३ **अपराध पीडितका अधिकार सम्बन्धी जानकारी पुस्तिकाः** (१) महान्यायाधिवक्ताको कार्यालयले अपराध पीडितका अधिकार तथा सोको कार्यान्वयनको सम्बन्धमा अपराध पीडितका अधिकार सम्बन्धी जानकारी पुस्तिका तयार गर्नेछ।

(२) उपदफा (१) अनुसार तयार भएको जानकारी पुस्तिका कार्यालय मार्फत अपराध पीडितलाई उपलब्ध गराईने छ।

४. **अपराध पीडित तथा साक्षी सहायता शाखाको स्थापनाः** (१) अपराध पीडित तथा साक्षीलाई सहायता गर्न र अपराध पीडितलाई ऐन अनुसारको सूचना एवं जानकारी दिने कार्यका लागि प्रत्येक कार्यालयमा अपराध पीडित तथा साक्षी सहायता शाखा रहनेछ।

(२) अपराध पीडित तथा साक्षी सहायता शाखामा कम्तीमा एकजना सरकारी वकील तथा एकजना कर्मचारी रहनेछन्।

(३) सम्बन्धित कार्यालय प्रमुखले शाखामा रहने कर्मचारी तथा सरकारी वकील तोकि सोको सूचना कार्यालयको सूचनापाटी तथा वेवसाईटमा राख्नुपर्नेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दुई सय वा सो भन्दा कम सरकार वादी फौजदारी मुद्दाको लगत रहेका कार्यालयले अपराध पीडित तथा साक्षी सहायता शाखाबाट हुने कामका लागि सोही कार्यालयको मुद्दा शाखालाई जिम्मेवारी दिन सक्नेछ। यसरी जिम्मेवारी दिईएकोमा अपराध पीडित तथा साक्षी सहायता शाखाको काम सोही शाखाले सम्पादन गर्नुपर्नेछ।

(५) अपराध पीडित तथा साक्षी सहायता शाखाको काम देहाय बमोजिम हुनेछ।

(क) अपराध पीडित तथा साक्षीको सुरक्षाका लागि सम्बन्धित अदालत, सरकारी वकील, बार एकाइ तथा प्रहरी कार्यालयसँग समन्वय गर्ने,

(ख) अपराध पीडितलाई मनोसामाजिक परामर्श दिनुपर्ने अवस्था देखिएमा सम्बन्धित सरकारी तथा गैरसरकारी निकायसँग समन्वय गरी परामर्श सेवा उपलब्ध गराउन सहजीकरण गर्ने,

(ग) विशेष प्रकृतिका मुद्दाहरूमा पक्षको गोपनियता कायम राख्ने सम्बन्धी कार्यविधि निर्देशिका, २०६४ को कार्यान्वयन गर्ने। सो कार्यका लागि सम्बन्धित निकायहरूसँग समन्वय गर्ने,

(घ) जाहेरवाला, अपराध पीडित तथा साक्षीप्रति मैत्रीपूर्ण व्यवहार गर्ने। यसका लागि आवश्यक वातावरण सुनिश्चित गर्ने,

(ङ) दृष्टिबिहिन, अपाङ्ग, नाबालक, लैङ्गिक हिंसा अपराध पीडित, जेष्ठ नागरिक अपराध पीडित लगायत सुरक्षाका कारण उच्च जोखिममा रहेका अपराध पीडित तथा साक्षीलाई कानूनी परामर्श दिने तथा न्यायिक काम कारबाहीमा मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउँदा संरक्षक वा माथवर व्यक्तिका साथ पेश गर्ने,

(च) नाबालक अपराध पीडित तथा साक्षीसँग मुद्दाको काम कारबाहीको बारेमा छलफल गर्दा बाल मैत्री वातावरणमा गर्ने,

(छ) निर्देशिकाको दफा ६, ७ र ८ बमोजिमका विषयहरू अपराध पीडित र जाहेरवालालाई ऐनको दफा ५१ बमोजिम लिखित, मौखिक, टेलिफोन वा अभिलेखमा रहने गरी विद्युतीय माध्यमबाट जानकारी दिने,

(ज) मुद्दाको कारबाही प्रक्रियाका सम्बन्धमा अपराध पीडितको कुनै गुनासो भए सोको तत्काल सम्बोधन गर्ने र सम्बोधन हुन नसकेका गुनासोलाई कार्यालय प्रमुख समक्ष पेश गर्ने,

(झ) अनुसन्धान, अभियोजन तथा सुनुवाइको क्रममा अपराध पीडित मैत्री व्यवहार गर्ने,

(ञ) अपराध पीडित तथा साक्षीलाई सहायता दिने र अन्तरिम संरक्षणका उपायहरू अवलम्बन गर्न अनुसन्धान अधिकारी तथा न्यायिक निकायसँग समन्वय गर्ने,

(ट) अपराध पीडितलाई तत्काल उपचार गराउनुपर्ने अवस्थामा अस्पताल र स्वास्थ्य संस्थासँग समन्वय गरी उपचारका लागि सहयोग गर्ने। यसका लागि एकद्धार संकट व्यवस्थापन केन्द्रसँग समन्वय गर्ने,

(ठ) अपराध पीडित तथा साक्षीहरूले असुरक्षित महसुस गरी सुरक्षाका लागि आवश्यक सहयोग गर्न कार्यालयमा जानकारी गराएमा वा सो सम्बन्धमा कार्यालयमा जानकारी हुन आएमा सुरक्षा प्रबन्धका लागि सम्बन्धित प्रहरी कार्यालयसँग सहयोग र समन्वयका लागि सहजीकरण गर्ने,

(ड) अनुसन्धानको क्रममा प्राप्त भएका, नियन्त्रणमा लिएका दशीका सामानहरू अपराध पीडित वा जाहेरवालाले फिर्ता पाउनु पर्ने भएमा ऐनको दफा १५ बमोजिम फिर्ता गर्न सहजीकरण गर्ने,

(ढ) अपराध पीडित तथा साक्षी संरक्षण शाखा तथा कक्षको सरसफाई, सामाग्रीहरूको व्यवस्थापन गर्न सहजीकरण गर्ने,

(ण) अपराध पीडित तथा साक्षी सहायता शाखा तथा कक्षको प्रयोग सम्बन्धमा अपराध पीडितलाई जानकारी दिने,

(त) अपराध पीडित वा जाहेरवालाले प्रतिवादीबाट वा अपराध पीडित राहत कोषबाट क्षतिपूर्ति वा अन्तरिम राहत वा क्षतिपूर्ति पाउने ठहर गरी मुद्दा हेर्ने अधिकारीबाट भएको आदेश वा फैसला बमोजिमको क्षतिपूर्ति अपराध पीडित वा जाहेरवालालाई उपलब्ध गराउन आवश्यक सहजीकरण गर्ने।

**५. अपराध पीडित तथा साक्षी सहायता कक्षः** (१) प्रत्येक कार्यालयमा अपराध पीडित तथा साक्षी सहायता कक्षको व्यवस्था गर्नु पर्नेछ। कक्षमा रहने न्युनतम सामाग्री महान्यायाधिवक्ताको कार्यालयले निर्धारण गरे बमोजिम हुनेछ।

(२) अपराध पीडित तथा साक्षीलाई कानूनी परामर्श दिन, कारवाहीको जानकारी प्रदान गर्न, अपराध पीडितसँग साथमा आएका संरक्षक, माथवर व्यक्ति वा आश्रित नावालक समेतका लागि अपराध पीडित तथा साक्षी सहायता कक्षको प्रयोग गरिनेछ।

(३) सम्बन्धित कार्यालय प्रमुखको निर्देशनमा रही अपराध पीडित तथा साक्षी सहायता कक्षको व्यवस्थापन र संचालन र रेखदेख कक्षमा खटिने सरकारी वकील र कर्मचारीबाट हुनेछ।

६. **सम्पर्क व्यक्ति तोक्नेः** (१) कार्यालय प्रमुखले अपराध पीडित तथा साक्षीको सहायताका लागि कम्तीमा एक जना अधिकृत स्तरको कर्मचारीलाई सम्पर्क व्यक्ति तोक्नु पर्नेछ। कार्यालयमा अधिकृत कर्मचारी उपलब्ध नभएको अवस्थामा राजपत्र अनङ्कित कर्मचारीलाई तोक्न सकिनेछ।

(२) सम्पर्क व्यक्ति तोकिएको जानकारी जिल्ला सरकारी वकील कार्यालय, उच्च सरकारी वकील कार्यालय तथा विशेष सरकारी वकील कार्यालयले महान्यायाधिवक्ताको कार्यालयमा दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको सम्पर्क व्यक्तिले मुद्दाको कारबाही प्रक्रियाको बारेमा अपराध पीडित वा अपराधको सूचना दिने जाहेरवालालाई नियमित रुपमा जानकारी दिई सोको अभिलेख राख्नुपर्नेछ।

(४) उपदफा (१) बमोजिमको सम्पर्क व्यक्तिको नाम, पद र सम्पर्क नम्बर सहितको विवरण कार्यालयमा सबैले देख्ने स्थानमा टाँस गर्नुपर्नेछ।

(५) उपदफा (४) बमोजिमको विवरण कार्यालयले आफ्नो वेवसाइटमा समेत राख्नु पर्नेछ।

(६) महान्यायाधिवक्ताको कार्यालय र उच्च सरकारी वकील कार्यालयले आफ्नो र मातहतका सरकारी वकील कार्यालयका सम्पर्क व्यक्तिहरूको अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ।

७. **अनुसन्धान सम्बन्धी प्रक्रियाको जानकारी दिनेः** (१) सम्पर्क व्यक्तिले अपराध पीडित र जाहेरवालाले नियमावलीको अनुसूची -१ को ढाँचामा अनुसन्धानको सम्बन्धमा सूचना माग गरेमा देहाय बमोजिमका काम कारबाहीको जानकारी नियमावलीको अनुसूची -२ को ढाँचामा अपराध अपराध पीडित वा जाहेरवालालाई दिनु पर्नेछः

(क) अपराधको अनुसन्धान गर्ने निकाय,

(ख) मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची -१ का अपराधमा दिइएको जाहेरी उपर गरेको निर्णय,

(ग) जाहेरी तामेलीमा राखेको भए सो को जानकारी,

(घ) अभियुक्त पक्राउ परेको भए पक्राउ परेको समय, स्थान र मितिको जानकारी,

(ङ) अभियुक्तलाई हिरासतमा राख्न लिईएको म्याद थप सम्बन्धी जानकारी।

(२) अपराध पीडितले अपराधको अनुसन्धान सम्बन्धी कारबाहीको सूचना माग गरेकोमा ऐनको दफा ७ को उपदफा (२) बमोजिम सूचना दिन नमिल्ने अवस्था भएमा नियमावलीको अनुसूची - ३ बमोजिमको ढाँचामा जानकारी दिनु पर्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि अपराधको अनुसन्धानको सम्बन्धमा अपराध पीडित वा जाहेरवालाले सूचना पाउन निवेदन नदिए पनि सम्पर्क व्यक्तिले सो सम्बन्धी जानकारी वा सूचना अपराध  पीडित वा जाहेरवालालाई दिनुपर्नेछ।

८. **अभियोजन कारवाही सम्बन्धमा जानकारी दिनेः** (१) सम्पर्क व्यक्तिले ऐनको दफा ८ को अतिरिक्त अपराध पीडित र जाहेरवालाले नियमावलीको अनुसूची - ४ को ढाँचामा अभियोजन सम्बन्धी सूचना माग गरेमा देहाय बमोजिमको जानकारी नियमावलीको अनुसूची - ५ बमोजिमको ढाँचामा दिनुपर्नेछः

(क) अभियुक्त उपरको अपराध र सो अपराधमा माग गरिएको सजाय दावी,

(ख) सजायमा छुटको मागदावी लिएको भए सो को जानकारी,

(ग) खास किसिमका साना तिना मुद्दामा मुद्दा नचलाउने निर्णय भएकोमा सो निर्णय,

(घ) दिशान्तर गर्ने सम्बन्धी भएको निर्णय,

(ङ) ऐनको दफा २५ बमोजिम अभियोजन गर्ने अधिकारी समक्ष नियमावलीको अनुसूची -१४ बमोजिम अपराध पीडित प्रभाव प्रतिवेदनमा समावेश हुनुपर्ने विषयहरू सम्बन्धी जानकारी,

(च) दाबी लिएको अन्तरिम क्षतिपूर्ति, क्षतिपूर्ति र बिगो सम्बन्धी जानकारी,

(छ) अभियोगपत्र पेश गरिएको मिति र मुद्दा दायर गरिएको निकाय,

(ज) फरार अभियुक्त पक्राउ परेको वा हाजिर भएको जानकारी,

(झ) अपराध पीडितले कानून बमोजिम प्राप्त गर्ने चिकित्सकिय, मनोवैज्ञानिक, मनोसामाजिक परामर्श आदि सम्बन्धी विषय,

(ञ) अभियोगपत्र साथ पेश गरिएका साक्षीहरूको विवरण,

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि अपराधको अभियोजन कारबाही सम्बन्धमा अपराध पीडित वा जाहेरवालाले जानकारी पाउन निवेदन नदिए पनि सम्पर्क व्यक्तिले सो सम्बन्धी जानकारी वा सूचना अपराध  पीडित वा जाहेरवालालाई दिनुपर्नेछ।

९.**न्यायिक काराबाही सम्बन्धी प्रक्रियाको जानकारी दिनेः** (१) अपराध  पीडित र जाहेरवालाले नियमावलीको अनुसूची - ६ को ढाँचामा न्यायिक कारबाही सम्बन्धी जानकारी माग गरेमा ऐनको दफा ९ मा उल्लेख गरिए बाहेकका देहाय बमोजिमको जानकारी सम्पर्क व्यक्तिले नियमावलीको अनुसूची - ७ बमोजिमको ढाँचामा दिनु पर्नेछः

(क) फरार रहेका अभियुक्त हाजिर भएको वा पक्राउ भएको विवरण,

(ख) मुद्दा हेर्ने अधिकारी समक्ष अभियुक्तले गरेको बयान,

(ग) मुद्दा हेर्ने अधिकारीबाट भएको थुनछेकको आदेश व्यहोरा (थुना, धरौटी, तारेख आदि)

(घ) थुनछेक आदेश उपरको निवेदन सम्बन्धमा गरिने वा गरिएको कारबाहीको जानकारी,

(ङ) बकपत्र हुने मिति, समय, स्थान र बकपत्रका लागि सरकारी पक्षबाट उपस्थित गराउनुपर्ने साक्षीहरूको विवरण,

(च) मुद्दाको पेशीको जानकारी,

(छ) मुद्दाको सुनुवाईको क्रममा भएको कारबाहीमा सहभागि हुन पाउने सम्बन्धी जानकारी,

(ज) मुद्दाको सुनुवाईको क्रममा भएको कारबाही सम्बन्धी जानकारी,

(झ) मिलापत्र हुने प्रकृतिको मुद्दामा अदालतबाट मिलापत्र हुने गरी भएको आदेशको जानकारी,

(ञ) अदालतबाट भएको फैसलाको प्रतिलिपि सहितको जानकारी,

(ट) फैसला वा अन्तिम आदेश उपर गरिने वा गरिएको पुनरावेदन वा निवेदन सम्बन्धी कारवाही,

(ठ) फैसलामा कायम भएको विगो, अन्तरिम क्षतिपूर्ति तथा क्षतिपूर्तिको जानकारी र सो प्राप्त हुने प्रक्रिया र कार्यबिधि,

(ड) साक्षीले नियमानुसार पाउने दैनिक तथा भ्रमण खर्च र त्यस्तो खर्च प्राप्त हुने प्रक्रिया,

(ढ) मुद्दा फिर्ता वा कैद कट्टा सम्बन्धी निर्णय भएमा त्यसको जानकारी,

(ण) प्यारोल तथा प्रोवेशन सम्बन्धी निर्णय र अन्य आवश्यक कुराहरू।

१०.सम्पर्क व्यक्तिले ध्यान दिनुपर्नेः सम्पर्क व्यक्तिले अपराध पीडित वा जाहेरवालालाई निर्देशिकाको दफा ६, ७ र ८ बमोजिम अपराधको अनुसन्धान, अभियोजन र न्यायिक कारबाहीको बारेमा सूचना वा जानकारी दिँदा देहायका विषयमा ध्यान दिनुपर्नेछः

(क) विशेष प्रकृतिका मुद्दामा पक्षको गोपनियता कायम राख्नुपर्ने मुद्दामा सो सम्बन्धी निर्देशिकाको अधीनमा रही जानकारी दिने,

(ख) अपराध पीडित तथा जाहेरवालालाई सूचना वा जानकारी दिने प्रयोजनका लागि सम्बन्धित अपराध पीडित, जाहेरवाला र साक्षीको टेलिफोन नम्बर, मोबाइल नम्बर, इमेल, ह्याट्सप, सम्पर्क ठेगाना वा आवश्यक विवरण प्राप्त गरी अपडेट गरी राख्ने,

(ग) अपराध पीडित वा जाहेरवालालाई सूचना वा जानकारी दिने माध्यमको रुपमा टेलिफोन, एस.एम.एस., इमेल, पत्राचार, ह्याट्सप वा अपराध पीडित वा जाहेरवालाले रोजेको माध्यमबाट दिने,

(घ) अपराध पीडित वा जाहेरवालाले जानकारी वा सूचना पाउने कुरामा निजले रोजेको कानून व्यवसायीको सहयोग लिने,

(ङ) जाहेरवाला र अपराध पीडितको मोवाईल नम्बर, ठेगाना, टेलिफोन, इमेल लगायतको विवरणमा परिवर्तन भएमा सो को जानकारी प्राप्त गर्ने र अपराध पीडित तथा साक्षी सहायता शाखामा दिने,

(च) खण्ड (क), (ख) र (ग) मा जुनसुकै कुरा लेखिएको भएतापनि अपराधको अनुसन्धानमा प्रतिकूल प्रभाव पर्न सक्ने खालका सूचनाहरू तत्काल नदिई अभियोजन पश्चात मात्र अपराध पीडित वा जाहेरवालालाई दिने,

महान्यायाधिवक्ताको कार्यालय
नेपाल

(छ) नेपाली भाषा बुझ्न नसक्ने अपराध पीडित वा जाहेरवालाको हकमा सम्वद्ध निकाय वा भाषा बुझ्ने व्यक्तिसँग समन्वय गरी निजले बुझ्ने भाषामा जानकारी वा सूचना दिने प्रबन्ध गर्ने।

(ज) दफा १० को खण्ड (ख) र (ङ) बमोजिमको पीडितका विवरणहरुको सुरक्षा गर्नु पर्नेछ।

**११. लैङ्गिक हिंसा सम्बन्धी मुद्दाका अपराध पीडित तथा साक्षीलाई गरिने सहायता सम्बन्धी विशेष व्यवस्थाः**

(१) निर्देशिकाको दफा ६, ७ र ८ मा उल्लिखित कुराको अतिरिक्त मानव बेचविखन तथा ओसारपसार सम्बन्धी मुद्दा, जवर्जस्ती करणी तथा यौनजन्य हिंसा र लैङ्गिक हिंसा सम्बन्धी मुद्दाका अपराध पीडितको सहायताका लागि अपराध पीडित सहायता शाखाको जिम्मेवारी देहाय बमोजिम हुनेछ।

(क) अपराध पीडितलाई अनुसन्धान तथा न्यायिक कारबाहीको जानकारी दिन निजको सम्पर्क टेलिफोन नम्बर, मोबाइल नम्बर, इमेल, ह्याट्सप, सम्पर्क ठेगाना वा संरक्षक वा अभिभावकको विवरण लिई राख्नुपर्नेछ। अपराध पीडितको विवरण राख्दा व्यक्तिगत विवरणको गोपनियता कायम राख्नुपर्नेछ। जानकारी दिँदा परिवर्तित नाम वा संकेत नामको प्रयोग गर्नुपर्नेछ।

(ख) अपराध पीडितलाई कानूनी सहायता वा परामर्श आवश्यक परेमा कार्यालय प्रमुख वा सम्पर्क व्यक्तिलाई टेलिफोन गरी वा कार्यालयमा आई परामर्श लिन वा आफ्नो भनाई राख्नसक्ने कुराको जानकारी वेवसाईट वा कार्यालयको सूचना मार्फत संप्रेषण गर्नुपर्नेछ।

(ग) खण्ड (ख) बमोजिम अपराध पीडितले राखेको चासो वा भनाई आफ्नो कार्यालयबाट सम्बोधन गर्नुपर्ने भएमा तत्काल सम्बोधन गर्ने र अन्य कार्यालयबाट हुनुपर्ने भएमा सहजीकरण गर्नुपर्नेछ।

(घ) अपराध पीडितलाई तत्काल स्वास्थ्य उपचार वा परार्श आवश्यक भएमा एकद्वार संकट व्यवस्थापन केन्द्र मार्फत उपचार तथा परार्शका लागि पठाउनु पर्नेछ।

(ङ) अपराध पीडितलाई कानूनी परामर्श वा न्यायिक प्रक्रियाका बारेमा सहायता प्रदान गर्दा अपराध पीडित मैत्री व्यवहार अवलम्बन गर्नुपर्नेछ।

(च) अपराध पीडितलाई अनुसन्धान तथा अभियोजन कारवाहीको जानकारी तत्कालै लिखित रुपमा वा टेलिफोन विद्युतीय माध्यमबाट दिई सोको अभिलेख राख्नुपर्नेछ।

(छ) अन्तरिम राहत वा क्षतिपूर्ति आवश्यक भएका त्यस्ता अपराध पीडितको हकमा निवेदन लिई अनुसन्धान कारवाहीकै चरणमा वा अभियोग दायर गर्दा आवश्यक कागजात संलग्न गरी अदालतमा अन्तरिम क्षतिपूर्ति उपलब्ध गराई पाउन निवेदन वा दावी लिनुपर्नेछ।

(ज) मुद्दा हेर्ने अधिकारीवाट बकपत्र हुने दिनको जानकारी प्राप्त भएपछि अपराध पीडितलाई सूचना दिई बकपत्र गर्दाको प्रक्रिया तथा सोधिने प्रश्न र जिरहका बारेमा सूचित गर्नुपर्नेछ। बकपत्र गर्न अपराध पीडित कार्यालयमा उपस्थित हुनासाथ अपराध पीडित दिएको उजूरी वा जाहेरी वा कागज, मानव बेचविखन तथा ओसारपसार सम्बन्धी मुद्दा भए प्रमाणित बयान, शारिरीक जाँच परीक्षण, अभियुक्तको वयान लगायतका विषयमा जानकारी गराउनुपर्नेछ।

(झ) बकपत्रका लागि अदालतमा समयमा नै उपस्थित गराई सम्भव भएसम्म छिटो र सहज रुपमा रुपमा बकपत्र गराउन सहजीकरण गर्नुपर्नेछ। सोधपुछ पश्चात प्रतिरक्षी कानून व्यवसायी वा आरोपितका तर्फबाट सोधिएको जिरहका आधारमा पुनः सोधपुछ गर्नुपर्नेछ।

(ञ) बकपत्र पश्चात साक्षी तथा अपराध पीडितलाई प्राप्त हुने दैनिक तथा भ्रमण भत्ता रकम उपलब्ध गराउन पत्रसाथ जिल्ला प्रहरी कार्यालयमा लेखी पठाउनुपर्नेछ।

(ट) अदालतमा पेशी हुने दिन अर्थात मुद्दाको सुनुवाई हुने दिनको जानकारी समयमा नै दिई सुनुवाईमा सहभागी हुनसक्ने कुराको समेत जानकारी दिनुपर्नेछ।

(ठ) फैसला भएको जानकारी, फैसलाको परिणाम, पुनरावेदन गर्ने नगर्ने विषय, फैसला बमोजिम अपराध पीडितले पाउने ठहर भएको क्षतिपूर्ति रकम र सो प्राप्त गर्ने कार्यबिधि समेतको जानकारी अपराध पीडितलाई दिनुपर्नेछ।

(ड) अपराध पीडितलाई परामर्श वा कानूनी सहायता वा मुद्दाको कारबाही सम्बन्धी जानकारी दिँदा अपराध पीडित सहायता कक्षको प्रयोग गर्नुपर्नेछ।

**१२. साइन पोष्ट टाँस गर्नेः** (१) प्रत्येक कार्यालयले अपराध पीडितको अधिकारको सूची र अपराधको अनुसन्धान तथा अभियोजन कारबाहीको जानकारी पाउने प्रक्रियाको बारेमा साइन पोष्ट टाँस गर्नुपर्नेछ।

(२) साइन पोष्टमा रहने अपराध पीडितको अधिकारहरूको सूची अनुसूची - १ बमोजिम हुनु पर्नेछ।

**१३. अभिलेख राख्नुपर्नेः** (१) प्रत्येक सरकारी वकील कार्यालयले आफ्नो कार्यालयमा रहेका सरकार वादी फौजदारी मुद्दाका जाहेरवाला, अपराध पीडित र साक्षीको विवरण अद्यावधिक गरि राख्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम जाहेरवाला र अपराध पीडितको अभिलेख अनुसूची - २ को ढाँचामा र साक्षीको विवरण अनुसूची - ३ को ढाँचामा राख्नु पर्नेछ।

(३) विशेष प्रकृतिको मुद्दमा पक्षको गोपनियता कायम राख्नु पर्ने मुद्दामा सो सम्बन्धी निर्देशिकाको अधीनमा रही अपराध पीडितको विवरणको अभिलेख राख्नु पर्नेछ।

**१४. बकपत्रका लागि सहयोग गर्नेः** (१) अदालतमा अपराध पीडित तथा साक्षीको बकपत्र हुने दिन र समयको सूचना तथा जानकारी अदालतबाट प्राप्त भएपछि मिसिल संलग्न गरी बकपत्र हुने दिन अगावै सम्बन्धित अपराध पीडित र साक्षीलाई दिनुपर्नेछ। सोको अभिलेख सम्पर्क व्यक्तिले राख्नुपर्नेछ।

(२) अदालतमा बकपत्रका लागि प्रहरी कार्यालयबाट उपस्थित गराईएका अपराध पीडित तथा साक्षीलाई निजले अनुसन्धानको क्रममा लेखाएको कागज वा भनाईको व्यहोरा अध्ययन गर्न दिनुपर्नेछ। अदालतमा बकपत्र हुने प्रक्रिया तथा सोधपुछमा सरकारी वकीलबाट सोधिने प्रश्न र जिरहमा आउने सम्भावित प्रश्नहरुका बारेमा परामर्श दिनुपर्नेछ।

(३) बकपत्र सम्पन्न भएपश्चात अपराध पीडित तथा साक्षीले कानून बमोजिम प्राप्त गर्ने भ्रमण भत्ता भुक्तानीका लागि पत्रसाथ प्रहरी कार्यालयमा पठाउनुपर्नेछ।

**१५. कानून व्यवसायी सम्बन्धी जानकारी दिनेः** (१) जाहेरवाला वा अपराध पीडितले ऐनको दफा १२ बमोजिम कानून व्यवसायी राखेको जानकारी कार्यालयलाई गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम नियुक्त भएको कानून व्यवसायीले मुद्दामा बहस गर्न तोकिएको सरकारी वकीलसँग समन्वय गरी बहस गर्नु पर्नेछ।

**१६. मिलापत्रको लागि सहायता गर्नेः** सम्पर्क व्यक्तिले मिलापत्र हुने प्रकृतिका सरकार वादी फौजदारी मुद्दामा अपराध पीडितलाई मिलापत्र हुने मुद्दाहरूको प्रकृति, प्रकृया र परिणामसमेतको जानकारी गराउनु पर्नेछ।

**१७. फैसला कार्यान्वयन तथा क्षतिपूर्ति प्राप्ति र कैद कट्टा सम्बन्धी विषयमा सहयोग गर्नेः** (१) नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा विगो, अन्तरिम क्षतिपूर्ति र क्षतिपूर्ति भराउने गरी अदालतबाट भएको फैसलाको जानकारी सम्पर्क व्यक्तिले अपराध पीडितलाई उपलब्ध गराउनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना दिँदा अपराध पीडितले विगो, अन्तरिम क्षतिपूर्ति र क्षतिपूर्ति प्राप्त गर्ने प्रक्रियाको बारेमा जानकारी माग गरेमा नियमावलीको अनुसुची -१२ बमोजिमको ढाँचामा दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको विगो, अन्तरिम क्षतिपूर्ति र क्षतिपूर्ति भराउने सम्बन्धमा सम्बन्धित अदालत, अनुसन्धान गर्ने निकाय तथा अन्य सरोकारवाला निकायसँग समन्वय तथा सहजीकरण गर्नु पर्नेछ।

(४) उपदफा (१), (२) र (३) बमोजिम गरिएका काम कारबाहीको अभिलेख सम्पर्क व्यक्तिले राख्नु पर्नेछ।

महान्यायाधिवक्ताको कार्यालय
नेपाल

(५) फैसला बमोजिम लागेको कैद प्रचलित कानून बमोजिम कट्टाका लागि सम्बन्धित कानून बमोजिम राय माग भएकोमा सरकारी वकील कार्यालयले सम्बन्धित अपराध अपराध पीडितको धारणा लिई सो धारणा समेतका आधारमा सम्बन्धित निकायमा राय दिनुपर्नेछ।

(६) उपदफा (५) बमोजिम अपराध पीडितको धारणा माग गर्दा सम्बन्धित कानूनले तोकेको कार्यबिधि अवलम्बन गरिनेछ।

(७) सरकार वादी फौजदारी मुद्दा फिर्ता लिने सम्बन्धी निर्णय भै अदालतमा फिर्ता हुने नहुने सम्बन्धमा सुनुवाईको दिनको जानकारी अपराध पीडितलाई कार्यालयले दिनुपर्नेछ। अपराध पीडितलाई सुनुवाईमा सहभागी हुनपाउने र धारणा राख्नसक्ने कुराको जानकारी कार्यालयले पत्राचार अनिवार्य रुपमा दिई सोको जानकारी अदालतलाई समेत दिनुपर्नेछ।

१८. **अनुगमन गरिने**: (१) सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ९ को उपनियम (६) बमोजिम उच्च सरकारी वकील कार्यालय र महान्यायाधिवक्ताको कार्यालयले अनुगमन तथा निरीक्षण गर्दा यो निर्देशिकामा गरिएको व्यवस्था कार्यान्वयन भए नभएको सम्बन्धमा समेत अनुगमन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गरिएको अनुगमनको प्रतिवेदन उच्च सरकारी वकील कार्यालयले महान्यायाधिवक्ताको कार्यालयमा पेश गर्नु पर्नेछ।

१९. **खारेजी**: (१) अपराध पीडित तथा साक्षी सहायता निर्देशिका २०७३ खारेज गरिएको छ। सो निर्देशिका बमोजिम भए गरेका कार्यहरु यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची – १

(निर्देशिकाको दफा ११ को उपदफा (२)सँग सम्बन्धित)

### अपराध  पीडितको अधिकारको सूची

१. अपराध अपराध  पीडितलाई आफू अपराध  पीडित भएको मुद्दामा भएका अनुसन्धानको र अदालतमा भएको कारबाही (सुनुवाइ हुने मिति, समय र स्थान) को जानकारी पाउने हक हुनेछ।

२. अपराध अपराध  पीडितलाई कानून बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने संवैधानिक हक हुनेछ।

३. राज्यका निकायबाट शिष्टता, सांस्कृतिक तथा लैङ्गिक संवेदनशीलता, अदार एवं मर्यादा पाउने नैसर्गिक अधिकार अपराध  अपराध पीडितको हुनेछ।

४. साक्षीको रूपमा उपस्थित हुँदा अपराध  अपराध पीडितले के-कस्तो गर्नु पर्छ भन्ने जानकारी पाउने हक हुनेछ।

५. अदालतमा उपस्थित भई बकपत्र गरेपछि अपराध  पीडितले सम्बन्धित जिल्ला प्रहरी कार्यालयबाट नियमानुसार दैनिक तथा यातायात खर्च पाउनु हुनेछ।

६. अपराध  अपराध पीडितले राज्यका निकायबाट जतिसक्दो छिटो अपराध  पीडितलाई उपलब्ध सेवाहरू र उपचारका व्यवस्थाहरूको जानकारी पाउने हक हुनेछ।

७. अपराध अपराध  पीडितलाई आवश्यकता अनुसार शारीरिक, मानसिक स्वास्थ्यसम्बन्धी सल्लाह तथा कानूनी सहायता / परामर्श प्राप्त गर्ने अधिकार हुनेछ।

८. अभियुक्तलाई लगाइएको अभियोग वा अभियोग नलगाएको अवस्थामा त्यसको आधार र कारणको जानकारी पाउने हक अपराध  अपराध पीडितलाई हुनेछ।

९. अपराध अपराध  पीडितलाई आफ्नो परिचय (नाम, ठेगाना, सम्पर्क नम्बर आदि) गोप्य राख्ने अधिकार हुनेछ।

१०. कार्यालयमा रहेका अपराध  पीडित मैत्री कक्षको प्रयोग गर्ने अधिकार अपराध  पीडितलाई हुनेछ।

नेपाल

अनुसूची – २

(निर्देशिकाको दफा १२ को उपदफा (२) सँग सम्बन्धित)

महान्यायाधिवक्ताको कार्यालय / .......... सरकारी वकील कार्यालय, ...............

## जाहेरवाला र अपराध पीडितको विवरण

| क्र.स. | मुद्दा नं. | मुद्दा | दायर मिति | जाहेरवालाको नाम, थर, वतन, सम्पर्क नम्बर | अपराध पीडितको नाम, थर, वतन, सम्पर्क नम्बर | अभियुक्तको नाम | थुनछेकको आदेश | साक्षीको बकपत्र | फैसला | सूचना दिने तरिका वा माध्यम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

महान्यायाधिवक्ताको कार्यालय नेपाल

अनुसूची – ३

(निर्देशिकाको दफा ११ को उपदफा (२) सँग सम्बन्धित)

महान्यायाधिवक्ताको कार्यालय / .......... सरकारी वकील कार्यालय, ...............

**साक्षीको विवरण**

| क.स. | जाहेरवालाको नाम, थर, वतन, सम्पर्क नम्बर | अभियुक्तको नाम | मुद्दा नं. | मुद्दा | मुद्दा दायर मिति | साक्षीको नाम, थर, वतन, सम्पर्क नम्बर | थुनछेकको आदेश | साक्षीको बकपत्र मिति |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

महान्यायाधिवक्ताको कार्यालय
नेपाल